# प्राकृतिक व्यक्तिको एक मात्र बचत खाता सञ्चालन गर्नुका साथै खातामा प्यान, ईमेल ठेगाना र सम्पर्क नम्बर अद्यावधिक गर्न अनुरोध

लाखौं ग्राहकहरुलाई अत्याधुनिक, सुरक्षित तथा सहज बैंकिङ्ग सुविधा उपलब्ध गराइरहेको महालक्ष्मी विकास बैंकले आफ्ना ग्राहकहरूलाई प्राकृतिक व्यक्तिको नाममा स्वदेशी मुद्रामा एउटै प्रकृतिको एक भन्दा बढी बचत खाता खोल्न नपाईने व्यवस्था रहेको हुनाले यस बैंकमा स्वदेशी मुद्रामा एउटै प्रकृतिको एक भन्दा बढी बचत खाता खोली कारोबार गरिरहनु भएका ग्राहक महानुभावहरुलाई पायक पर्ने नजिकको शाखामा सम्पर्क गरी एक बचत खाता मात्र सञ्चालनमा रहने गरी अन्य बचत खाताहरु यथाशीघ्र बन्द गरिदिनका लागि अनुरोध गर्दछौं । साथै ग्राहक महानुभावहरुलाई स्थायी लेखा नम्बर (PAN), सम्पर्क नम्बर तथा इमेल ठेगाना अनिवार्य रूपमा अद्यावधिक गर्नका लागि समेत यसै सूचना मार्फत जानकारी गराउन चाहान्छौं ।

बैंकका ग्राहकहरूको खाताबाट गरिएको करकट्टीको विवरण 'आयकर ऐन २०५८' बमोजिम नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभागद्वारा जारी गरिएको स्थायी लेखा नम्बर प्रणालीमा आवद्ध गर्नुपर्ने भएकोले ग्राहकहरूले बैंकको मोवाइल बैंकिङ्ग एप (Mahalaxmi Smart Sathi) मा रहेको eService भित्र गई Online KYC Form को Personal Detail मा गई आफ्नो स्थायी लेखा नम्बर (PAN) ईमेल ठेगाना र सम्पर्क नम्बर का साथै सम्पूर्ण KYC विवरण अद्यावधिक गर्नुहुन बैंकले अनुरोध गरेको छ । साथै, ग्राहकहरूले आफूलाई पायक पर्ने बैंकको जुनसुकै शाखा कार्यालयबाट समेत आफ्नो खातामा प्यान, ईमेल ठेगाना, सम्पर्क नम्बर का साथै सम्पूर्ण KYC विवरण अद्यावधिक गर्नको लागि आवेदन दिन सकिने प्रबन्ध मिलाइएको व्यहोरा समेत बैंकले जनाएको छ ।

यस बैंकबाट निक्षेपकर्ताको व्याज भुक्तानी बापत काटिएको करलाई ई-टीडीएस रेकर्डमा जनाउनको लागि प्यान अत्यावश्यक रहेको छ । प्यान अद्यावधिक भएपश्चात् निजहरूको करकट्टीको विवरण (ई-टीडीएस) प्यानमा प्रविष्ट गरिने हुँदा आयकरको प्रणालीले स्वचालित रुपमा अनुसूची १० मा करकट्टीको विवरण मिलान गर्ने गर्दछ । जसले गर्दा ग्राहकहरूलाई करकट्टी प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्र प्राप्त गर्न सहज हुनुका साथै प्रमाणपत्र लिन बैंकसम्म धाउनुपर्ने अवस्थाको समेत अन्त्य गर्ने बैंकले विश्वास लिएको छ । ग्राहकले प्यान अद्यावधिक नगराएको कारणले ई-टीडीएसमा व्याजकर दाखिला नभएको अवस्थामा र त्यस उप्रान्त व्याज करमा थप समायोजन गर्नु परेको अवस्थामा बैंक जिम्मेवार नहुने व्यहोरा समेत बैंकले ग्राहकहरुमा जानकारी गराउँदछौं । साथै, यसअघि बैंकलाई प्यान उपलब्ध गराएर पनि करकट्टीको विवरण समावेश नभएको वा ईमेल ठेगाना र सम्पर्क नम्बर अद्यावधिक नभएको खण्डमा बैंकको नजिकैको शाखा कार्यालय वा ग्राहक सम्पर्क केन्द्रको फोन नम्बरहरूमा सम्पर्क गरी सेवा लिन बैंकको अनुरोध छ ।

थप जानकारी आवश्यक परेमा यस बैंकमा केन्द्रीय कार्यालय तथा शाखा कार्यालयहरुमा सम्पर्क गर्न सक्नुहुनेछ ।
कुनै पनि जिज्ञासा वा सहयोगको लागि, कृपया हामीलाई ०१-५३६८७१९ मा सम्पर्क गर्नुहोस् ।


महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)

**केन्द्रीय कार्यालय,** दरबारमार्ग, काठमाण्डौ
फोन नं. ०१–५३६८७१९/२०
टोल फ्रि नं. १६६००११५०१५

सबल बैंक, सफल सहकार्य
www.mahalaxmibank.com